# रामग्राम नगरपालिकाको
# पालिकास्तरीय आपतकालीन स्वास्थ्य पूर्वतयारी तथा प्रतिकार्य योजना

**[EMERGENCY HEALTH PREPAREDNESS AND RESPONSE PLAN OF RAMGRAM MUNICIPALITY]**

**२०७९**




रामग्राम नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

परासी, नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)

लुम्बिनी प्रदेश, नेपाल




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५००० / १:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

**दस्तावेज : पालिकास्तरीय आपतकालीन स्वास्थ्य पूर्वतयारी तथा प्रतिकार्य योजना**
[Emergency Health Preparedness and Response Plan of Ramgram Municipality]


प्रकाशक : रामग्राम नगरपालिका, नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)

प्रकाशन मिति : २०७९ पौष



सर्वाधिकार : © प्रकाशकमा



आर्थिक तथा प्राविधिक सहयोग : नेपाल रेडक्रस सोसाइटी/क्यानेडियन रेडक्रस
समुदायमा आधारित बृहत् स्वास्थ्य कार्यक्रम

प्राविधिक सहयोग तथा सहजीकरण : नलेज डेभलपमेन्ट एण्ड रिसर्च सेन्टर प्रा.लि.
तिलोत्तमा न.पा-२, रुपन्देही, नेपाल
सम्पर्क नं :९८४८८५७२८४
E-mail : kdrcnepal2020@gmail.com


नगर कार्यपालिकाकाट पारित मितिः २०७९।०९।२५

रामग्राम नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

परासी, नवलपरासी (ब.सु.प)
लुम्बिनी प्रदेश, नेपाल

## शुभकामना

नेपालको संविधानले स्वास्थ्यलाई मौलिक हकको रुपमा परिभाषित गर्दै प्रत्येक नागरिकलाई राज्यवाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने, कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवावाट बन्चित नगरिने र प्रत्येक नागरिकलाई आफ्नो उपचार सम्बन्धमा जानकारी पाउने हकको व्यवस्था गरेको छ । स्वास्थ्य सेवालाई नियमित, प्रभावकारी, गुणस्तरीय तथा सवसुलभ तुल्याई नागरिकको पहुँच स्थापित गर्नका लागि आवश्यक कानूनी व्यवस्था आवश्यकता भएकोले रामग्राम नगरपालिकाले नगरपालिका स्तरीय आपतकालीन स्वास्थ्य पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गरेको हो । योजना तयार गर्ने सन्दर्भमा नेपाल सरकारका बिभिन्न नीतिगत तथा कानूनी प्रावधानहरु, यस नगरपालिकाका नीतिगत तथा क्षेत्रगत रणनीतिहरु त्था स्थानीय वस्तुस्थितिलाई आधार बनाई योजना तयार गरिएको छ भने कार्यान्वयनका लागि पनि केहि मुलभूत निर्देशक सिद्धान्त तथा मान्यताहरु तय गरिएको छ । रामग्राम नगरपालिकामा बिभिन्न समय र स्थानमा विभिन्न रोगहरुको माहामारी तथा विपद्हरु देखिने गरेका छन । नगरपालिकाको आपतकालीन स्वास्थ्य पूर्वतयारी र प्रतिकार्य योजना तयार गरि पूर्वतयारी तथा प्रतिकार्यका क्रियाकलापहरुलाई एकिकृत र समन्वयात्मक तवरमा संचालन गर्न र विद्यमान क्षमता तथा प्रणालीको सुदृढीकरण गरि आपतकालीन स्वास्थ्य पूवतयारी तथा प्रतिकार्यको क्षेत्रलाई थप प्रभावकारी वनाउन यस योजनाले मद्दत गर्ने मेरो अपेक्षा छ ।

योजनाले विपद् एवं स्वास्थ्य संकटको प्रभावकारी प्रतिकार्य, पर्याप्त पूर्वतयारी र विपद् पछिको परिस्थितिलाइ यथाशीघ्र समान्य अवस्थामा फर्काउन तथा विपद् जोखिम न्यूनीकरणका गतिविधिहरू संचालन गर्न आवश्यक पर्ने संस्था, संरचना, नीति, कानून, योजना, पूर्वाधार, भौतिक स्रोत साधन, प्राकृतिक स्रोत, सामाजिक स्रोत, आर्थिक स्रोत र मानवीय स्रोतको विद्यमान अवस्थाको लेखाजोखा र नगरको विपद् प्रतिकार्य क्षमता सुदृढ गर्नको लागि सहयोग हुनेछ ।

योजना तयार गर्न आर्थिक तथा प्राविधिक सहयोग गर्ने नेपाल रेडक्रस सोसाइटी नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्ला शाखा अन्तर्गत संचालित समुदायमा आधारित बृहत स्वास्थ्य कार्यक्रम, दस्तावेजको सहजीकरण गर्ने नलेज डेभलपमेन्ट एण्ड रिसर्च सेन्टरलाई विशेष धन्यवाद दिन चाहन्छु ।

धनपत यादव
(नगर प्रमुख)

**धनपत यादव**

# विषय-सूची

## परिच्छेद : १


१. पृष्ठभूमि १-२
२. रामग्राम नगरपालिकाको संक्षिप्त परिचय २
 २.१ रामग्राम नगरपालिकाको वडागत जनसङ्ख्या विवरण ३
 २.२ नगरपालिकामा रहेका प्रमुख विपद् तथा स्वास्थ्य समस्याहरु ३
 २.३ नगरपालिमा विद्यमान स्वास्थ्य समस्या, चुनौती तथा अवसरहरु ३
  २.३.१ समस्या ४
  २.३.२ चुनौती ५
  २.३.३ अवसरहरु ५
 २.४ नगरपालिकाको क्षमता विश्लेषण ५-६
  २.४.१ स्वास्थ्य सम्बन्धी क्षमता ६-७
३. आपतकालीन स्वास्थ्य पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माणको उद्देश्य ७
४. योजना तर्जुमाका नीतिगत तथा कानूनी आधार ७
५. योजना तर्जुमा एवम् कार्यान्वयनका आधारभूत मान्यता ८
६. आपतकालीन स्वास्थ्य पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गर्दा अपनाइएका विधि ८
 ६.१ समन्वय तथा प्रारम्भिक तयारी ९
 ६.२ अभिमुखीकरण, छलफल तथा तथ्याङ्क सङ्कलन ९
 ६.३ सूचनाहरुको विश्लेषण र दस्तावेजीकरण ९
 ६.४ प्रारम्भिक दस्तावेजउपर छलफल र बैठक १०
 ६.५ योजनाको अन्तिम प्रतिवेदन तयार १०
 ६.६ कार्यान्वयन, अनुगमन तथा मुल्याङ्कन १०
७. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको अपेक्षित नतिजा १०
८. योजना कार्यान्वयन रणनीति १०-११
 ८.१ समन्वय, सहकार्य र साझेदारी १२
 ८.२ अनुगमन तथा मुल्याङ्कन १२
 ८.३ स्वास्थ्य सेवामा समतामूलक पहुँच १२
 ८.४ जोखिम विश्लेषण तथा क्षमता विकास १२-१३
 ८.५ गुणस्तरीय स्वास्थ्य सेवामा जोड १३


## परिच्छेद २ : पूर्वतयारी तथा प्रतिकार्य योजना


९. स्वास्थ्य आपतकाल पूर्वतयारी तथा प्रतिकार्य योजना १४
 ९.१ रामग्राम नगरपालिकाको पूर्वतयारी तथा प्रतिकार्य ढाँचा १५
 ९.२ रामग्राम नगरपालिकाको स्वास्थ्य आपतकाल पूर्वतयारी कार्ययोजना १६-२१
 ९.३ रामग्राम नगरपालिकाको स्वास्थ्य आपतकाल प्रतिकार्य योजना २२-२४

## परिच्छेद ३ : योजनाको कार्यान्वयन, समन्वय, अनुगमन तथा मुल्याङ्कन


१०. योजनाको कार्यान्वयन २५

११. समन्वय, अनुगमन तथा मुल्याङ्कन २५

१२. नीति पुनरावलोकन २५


## अनुसूचीहरु


अनुसूची-१ : आपतकालीन स्वास्थ्य अनुगमन, मुल्याङ्कन तथा प्रतिवेदनको ढाँचा २६

अनुसूची-२ : स्थानीय विपद् व्यवस्थापन समितिमा विद्यमान पदाधिकारीहरु २७

अनुसूची-३ : विषयगत क्षेत्र र यसको नेतृत्व २८

अनुसूची-४ : आपतकालीन स्वास्थ्य पूर्वतयारी र प्रतिकार्य योजना तयार गर्दा अपनाइएका विधिहरु २९

अनुसूची-५ : पालिकास्तरमा गठन हुने जनस्वास्थ्य आपतकालीन व्यवस्थापन समिति **[Public Health Emergency Management Sub-Committee-PHEMSC]** ३०

अनुसूची-६: स्थानीय तहमा रहने द्रुत प्रतिकार्य टोली **[Rapid Response Team ]** को संरचना ३१

अनुसूची-७ : प्राथमिक उपचार तालिम लिएको जनशक्ति ३२

अनुसूची-८ : द्रुत प्रतिकार्य टोलीको तालिम लिएको जनशक्ति ३३

अनुसूची-९ : स्वास्थ्य संस्थाहरुको विवरण ३४

अनुसूची-१० : रामग्राम नगरपालिका क्षेत्रभित्र रहेका एम्बुलेन्सहरुको विवरण ३५

अनुसूची-११ : आपतकालीन स्वास्थ्य प्रतिकार्य ढाँचा (नमूना) ३६

# परिच्छेद १ : परिचय

## १. पृष्ठभूमि

नेपालको संविधान २०७२ को कार्यान्वयन पश्चात् नेपाल एकात्मक राज्य प्रणालीको परम्परागत स्वरुपबाट परिमार्जित हुँदै संघीय लोकतान्त्रिक राज्यमा रुपान्तरण हुन पुगेको हो । संवैधानिक व्यवस्था अनुसार संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने र राज्य शक्तिको प्रयोग तीनै तहले संविधान र कानून बमोजिम गर्ने प्रबन्ध गरिएको छ । संघ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रको आर्थिक अधिकार सम्बन्धी विषयमा कानून बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने व्यवस्था संविधानको धारा ५९ ले गरेको छ । संविधानको धारा २३२ ले संघ, प्रदेश र स्थानीय तह बीचको सम्बन्ध **सहकारिता, सह-अस्तित्व र समन्वय** गरी तीन 'स' मा आधारित सिद्धान्तको अङ्गिकार गरेको छ । यसले शासन सञ्चालन प्रक्रियालाई सु-संस्कृत, सहिष्णु र परिणाममुखी बनाउनमा सहयोग गर्ने अपेक्षा गरिएको छ । नेपालको संविधानको भाग-५ ले राज्य संरचना र राज्यशक्तिको बाँडफाँड गर्ने सन्दर्भमा स्थानीय तहको व्यवस्था गरेको छ ।

नेपाल स्वास्थ्य क्षेत्र रणनीति-२०७२-२०७७ [Nepal Health Sector Strategy-2015-2020] ले स्वास्थ्यलाई मुलुकको समग्र आर्थिक एवम् सामाजिक विकासको केन्द्रमा राखेको छ । नेपाललाई सन् २०२२ सम्ममा अति कम विकसित राष्ट्रको सूचीबाट मध्य आय भएका विकासशील मुलुकको सूचीमा पुऱ्याउने सरकारको भावी सोचलाई साकार गर्न स्वास्थ्य क्षेत्रले पुऱ्याउन पर्ने योगदानलाई यस रणनीतिले निर्देशित गरेको छ । पाँच वर्षका लागि स्वास्थ्य क्षेत्रलाई अगाडि बढाउने प्राथमिक साधनका रूपमा यस नेपाल स्वास्थ्य क्षेत्र रणनीतिले राष्ट्रिय स्वास्थ्य नीतिको भावी सोच तथा ध्येयलाई अङ्गीकार गर्दै हरेक नागरिकको आधारभूत स्वास्थ्य सेवासम्मको पहुँच प्रत्याभूतिको संवैधानिक हकलाई आत्मसात् गरेको छ । यसका अतिरिक्त, स्वास्थ्य सेवामा सर्वव्यापी पहुँच [Universal Health Coverage] प्रतिको राष्ट्रिय प्रतिबद्धताको सफल कार्यान्वयनका लागि आवश्यक श्रोत तथा लगानीको आधार यस रणनीतिले तय गरेको छ । यस रणनीतिले स्वास्थ्य सेवामा समतामूलक पहुँच, गुणस्तरीय स्वास्थ्य सेवा, स्वास्थ्य प्रणालीमा सुधार र बहुपक्षीय सहकार्य लगायतका चार निर्देशक सिद्धान्त अङ्गिकार गरेको छ ।

जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ४८ आपतकालीन स्वास्थ्य सेवा तथा व्यवस्थापन अन्तर्गत उपदफा (१) मा आपतकालीन अवस्थामा तत्कालै स्वास्थ्य सेवा पुऱ्याउन तोकिए बमोजिम द्रुत प्रतिकार्य टोली [Rapid Response Team] र आपतकालीन चिकित्सकीय समूह रहने र उपदफा (२) मा संघ, प्रदेश र स्थानीय तहले आपतकालीन स्वास्थ्य योजना विकास गरी लागु गर्नुपर्ने उल्लेख गरेको छ । यसै प्रावधान अनुसार पालिकास्तरमा गठन हुने उपसमितिले आपतकालीन अवस्थामा आफ्नो मातहतबाट द्रुत प्रतिकार्य टोली परिचालन गर्न सकिने उल्लेख छ ।

नेपालको स्वास्थ्य सेवालाई भरपर्दो र गुणस्तरीय अवस्थामा पुऱ्याउन स्वास्थ्य सेवाको सुधार, विस्तार र विकासका लागि सात वर्षसम्म गर्नुपर्ने कार्यहरुको विस्तृत विवरण, सेवाका आधारमा स्वास्थ्य संस्थाको वर्गीकरण, स्वास्थ्य जनशक्ति उत्पादन र व्यवस्थापनको खाका, स्वास्थ्य पूर्वाधार निर्माण र विकासका लागि संघीय संरचना अनुरुप सरकारको दायित्व र एकीकृत पूर्वाधार विकासका लागि आधार र मापदण्ड समावेश गरी एकीकृत नेपाल स्वास्थ्य पूर्वाधार विकास मापदण्ड, २०७४ [Nepal Health

Infrasturcture Developmen Standards,2017] तयार गरी कार्यान्वयनमा रहेको छ । यस मापदण्ड अनुसार स्वास्थ्य सेवा प्रवाह र व्यवस्थापनका आधारममा चार तहमा वर्गीकरण गरिएको छ । सो वर्गीकरण अनुसार गाउँपालिकाको वडा तहमा स्वास्थ्य चौकी, सामुदायिक स्वास्थ्य इकाइ [Health post and Community Health Unit] उपमहानगरपालिका र महानगरपालिकाको वडा स्तरमा जनता स्वास्थ्य केन्द्र [Urban Health Promotion Center/Janata Swasthya Kendra], त्यस्तै गरी गाउँपालिकामा ख वर्गको अस्पताल [Primary Hospital, Class B] र उपमहानगरपालिका र महानगरपालिकामा क वर्गको अस्पताल [Primary Hospital, Class A] र प्रदेशमा द्धतीय अस्पताल, प्रादेशिक स्वास्थ्य विज्ञान प्रतिष्ठान [Secondary Hospital, Provincial Health Science Academy] र संघमा तृतीय तह अस्पताल, विशिष्टीकृत अस्पताल र संघीय स्वास्थ्य विज्ञान प्रतिष्ठान [Tertiary Hospital, Super-Specialty Hospital, Federal Health Science Academy] रहने व्यवस्था गरिएको छ ।

तीनवटै तहका सरकारको अधिकार बाँडफाँड सम्बन्धी संवैधानिक व्यवस्था, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७ (२)तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली २०७६ को दफा ८ (१) एवम् स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (२) न तथा ११ (४) ख (१५) र जनस्वास्थ्य सेवा ऐन २०७५ को दफा ४८ मा प्रबन्ध गरिए बमोजिम स्थानीय तहको स्वास्थ्य संकट/आपतकाल एवम् विपद् व्यवस्थापन सम्बन्धमा तोकिएको काम, कर्तव्य र अधिकार २०७५ तथा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना २०१८-२०३० को लक्ष्य र मार्गदर्शन एवम् नीतिगत र कानूनी अधिकार र विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन २०७६ को पहिलो संशोधन २०७६ ले तय गरेको विधि र प्रक्रिया बमोजिम नगरको स्वास्थ्य आपतकाल एवम् विपद् पूर्वतयारी तथा प्रतिकार्यको कार्यलाई प्रभावकारी रुपमा अगाडि बढाउन यस **रामग्राम नगरपालिकाको आपतकालीन स्वास्थ्य पूर्वतयारी तथा प्रतिकार्य योजना[Emergency Health Preparedness and Response Plan of Ramgram Municipality]** तर्जुमा गरिएको हो

## २. रामग्राम नगरपालिकाको सङ्क्षिप्त परिचय

नेपालको लुम्बिनी प्रदेशमा रहेका १२ जिल्लाहरु मध्ये नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम) पनि एक हो । जिल्लाका रहेका ७ वटा स्थानीय तहहरुमध्ये रामग्राम नगरपालिका वि.सं. २०५३ चैत्र १४ गतेका दिन स्थापना भएको थियो । भगवान् गौतम बुद्धको पवित्र अस्तिधातु रहेको प्राचीन रामग्राम स्तुपका नाममा यस नगरपालिकाको नामकरण रामग्राम नगरपालिका राखिएको हो । वि.सं. २०७३ फागुन २७ गते राज्य पुनर्संरचना हुँदा साविक रामग्राम नगरपालिकाका १३ वटा वडा र साविकका ५ वटा गाविस *(अमरौट, सुक्रौली, हकुई, बन्जरिया तथा देवगाव)* मिलाई हालको रामग्राम नगरपालिका बनेको हो । कुल ५९,४५५ जनसङ्ख्या रहेको यो नगरपालिका १२८.३२ वर्ग कि.मि क्षेत्रफलमा फैलिएको छ भने यसको सीमाना पूर्वमा सरावल गाउँपालिका, पश्चिममा रुपन्देही जिल्ला, उत्तरमा सुनवल नगरपालिका र दक्षिणमा पाल्हीनन्दन गाउँपालिका रहेका छन् । उष्ण मनसुनी हावापानी रहेको यस नगरपालिकामा कुल ६४,१५० जनसङ्ख्या रहेको छ, जसमा महिलाको सङ्ख्या ३२,३०८ र पुरुष ३१,८४२ रहेको छ भने ११,४०७ घरधुरी रहेका छन् *(राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक नतिजा अनुसार)* ।

## २.१. रामग्राम नगरपालिकाको वडागत जनसङ्ख्या विवरण

तालिका नं १ : वडागत जनसङ्ख्या विवरण

| वडा नं. | घरधुरी संख्या | महिला जनसङ्ख्या | पुरुष जनसङ्ख्या | जम्मा जनसङ्ख्या |
|---|---|---|---|---|
| १ | ५५६ | १५३७ | १४३१ | २९६८ |
| २ | ३०० | ८६९ | ८३३ | १७०२ |
| ३ | ५२८ | १३०५ | १२६० | २५६५ |
| ४ | ५९७ | १५१९ | १५०७ | ३०२६ |
| ५ | ३७३ | ९०८ | ९१४ | १८२२ |
| ६ | ३३४ | ९९३ | ९४४ | १९३७ |
| ७ | ४८९ | १४५७ | १६३१ | ३०८८ |
| ८ | ४३७ | ११२९ | ११०१ | २२३० |
| ९ | ४९६ | १४३७ | १३६२ | २७९९ |
| १० | ७७२ | २२८५ | २१९८ | ४४८३ |
| ११ | ३४१ | ९२४ | ९२४ | १८४८ |
| १२ | ३५७ | १०१४ | ९८५ | १९९९ |
| १३ | २९९ | ८७४ | ९५७ | १८३१ |
| १४ | ९९३ | २७६८ | २७४४ | ५५१२ |
| १५ | ९०७ | २८०८ | २८२५ | ५६३३ |
| १६ | १३७७ | ३८३९ | ३७९४ | ७६३३ |
| १७ | ९९० | ३१०२ | ३१७४ | ६२७६ |
| १८ | १२६१ | ३५४० | ३२५८ | ६७९८ |
| **जम्मा** | ११४०७ | ३२३०८ | ३१८४२ | ६४१५० |

*स्रोतः राष्ट्रिय जनगणना, २०७८*

## २.२ नगरपालिकामा रहेका प्रमुख विपद् तथा स्वास्थ्य समस्याहरु

यस नगरपालिकामा बाढी, सर्पदंश, सडक दुर्घटना, आगलागी, शीतलहर, खडेरी, हावाहुरी, चट्याङ, भूकम्प, कोभिड-१९, झाडापखाला, डेंगी, मलेरिया, छाला सम्बन्धी रोग जस्ता महामारी/विपद मुख्य रुपमा हुने गरेका छन् । नगरपालिकाका अधिकांश वडाहरुमा बारम्बार दोहोरिरहने र बर्सेनी जनधनको क्षति गर्ने विपदमा बाढी मुख्य रुपमा देखिन्छ भने सडक दुर्घटना र आगलागी पनि यस नगरका प्रमुख विपदहरुमा पर्दछन् । यसका अलावा बाथ, थाइराइड, झाडापखाला, छालारोग, टी.बी., क्यान्सर, पक्षघात, औलो, डेंगु, जन्डिस, मुटु, डाइलाइसेस, पत्थरी, प्यारालाइसेस, हेपाटाइटिस, प्रेसर तथा सुगर, मोतियाबिन्दु, जलबिन्दु, एच.आई.भी., कोभिड १९ जस्ता स्वास्थय म्बन्धी समस्याहरु पनि रहेका छन् ।

## २.३ नगरपालिकामा विद्यमान स्वास्थ्य समस्या, चुनौती तथा अवसरहरु

### २.३.१ समस्या

क) रामग्राम नगरपालिका भौगोलिक विशिष्टता र आवश्यक पूर्वाधार सहितका विशिष्टीकृत तथा विशेषज्ञ सेवा प्रदान गर्ने अस्पताल नहुनु साथै प्रदेश मातहतमा रहेको एक जिल्ला अस्पतालमा पनि सेवा पर्याप्त नहुनु ।

ख) स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य केन्द्र र सहरी स्वास्थ्य केन्द्रहरुमा स्वीकृत दरबन्दी अनुसार स्वास्थ्यकर्मीहरुको उचित व्यवस्था हुन नसक्दा सेवा प्रवाहमा कठिनाइ ।

ग) गुणस्तरीय एवम् एकीकृत सूचना सङ्कलन, विश्लेषण तथा प्रतिवेदनमा समस्या ।

घ) स्वास्थ्य संस्थाहरुमा औषधि भण्डारणको उचित व्यवस्थापनमा कठिनाइ तथा औषधि खरिदका लागि पर्याप्त बजेटको समेत अभाव ।

ङ) वडास्तरका स्वास्थ्य संस्थाहरुको पर्याप्त संस्थागत क्षमता विकास हुन नसक्नु र कतिपय वडामा स्वास्थ्य संस्थाको पनि अभाव ।

च) नागरिक वडापत्र, सार्वजनिक सुनुवाइ, सार्वजनिक परीक्षण, सामुदायिक अङ्क पत्र, नागरिक सन्तुष्टी सर्वेक्षण आदिको नियमित पालना नगरिनु ।

ज) आम नागरिकको स्वास्थ्य संस्थाहरुबाट प्रवाह हुने सेवा प्रवाह तथा प्रक्रियाका बारेमा पर्याप्त जानकारीको अभाव *(चेकजाज तथा प्रेसक्रिप्सन विनै मलाई ज्वरो आएको छ औषधि दिनुस् न भन्ने)* ।

झ) आपतकालीन स्वास्थ्य पूर्वतयारी तथा प्रतिकार्यका लागि स्रोतको सूची तयार गर्ने र संस्थागत क्षमताको विश्लेषण गर्ने यसमा विशेषत: विज्ञहरूको सूची, खोज तथा उद्धार औजार, अस्पताल र तिनको क्षमताको सूची, एम्बुलेन्स, आकस्मिक सञ्चार सेवाको अवस्था वारुणयन्त्रको अवस्था आदिको पर्याप्त विश्लेषणको अभाव ।

ञ) आपतकालीन अवस्थामा अग्रपंक्तिका खटिएर काम गर्ने स्वास्थ्यकर्मी, स्वयंसेवक तथा कार्यदलको सुरक्षाको लागि पर्याप्त प्रबन्ध नमिलाइएको ।

ट) आपतकालीन अवस्थाका लागि खानेपानी, सरसफाइ तथा स्वच्छता र फोहर व्यवस्थापन, सुरक्षित स्थल, मनोसामजिक परामर्श आदिको पर्याप्त व्यवस्था हुन नसकेको ।

ठ) आपतकालीन अवस्थामा हुन सक्ने सम्भाव्य महिला हिंसाका घटनाहरुलाई रोकथामका लागि आवश्यक संयन्त्रको विकास गर्न नसकिएको ।

ड) आपतकालीन अवस्थाका लागि औषधिको भण्डारण, पर्याप्त प्रयोगशालाको व्यवस्था गर्न नसकिएको ।

ढ) नागरिकहरुमा पर्याप्त सचेतनाको अभावका कारण झाडापखाला, जन्डिस, हैजा, ज्वरो जस्ता महामारीका घटनाहरु भइरहने ।

ण) जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुको स्वास्थ्य उपचार, किशोर किशोरीहरुको यौन तथा प्रजनन् स्वास्थ्य, विद्यालय जाने उमेरका बालबालिकाको स्वास्थ्य प्रवर्द्धनका लागि उचित स्वास्थ्य सेवाको व्यवस्थापनमा कठिनाइ ।

त) आपतकालीन समयका लागि चिकित्सकीय समूह, जनस्वास्थ्य आपतकालीन व्यवस्थापन उपसमिति [Public Health Emergency Management Sub-Sommittee-PHEMSC] आदिको प्रबन्ध हुन नसक्नु ।

थ) आपतकालीन स्वास्थ्य र आपतकालमा स्वास्थ्य [Emergency Health and Health in Emergency] अवस्थाको रोकथाम, पहिचान, प्रतिवेदन र प्रतिकार्यसँग सम्बन्धित कार्यक्रमहरु पर्याप्त कार्यान्वयन गर्नुपर्ने बारम्वार दोहोरिएर आउने विपद (बाढी, डुबान, भूकम्प, सडक दुर्घटना, सर्पदंश आदि) तथा स्वास्थ्य सङ्कटहरु (झाडापखाला, औलो, डेंगु, जन्डिस आदि)का लागि पर्याप्त पूर्वतयारी तथा सचेतनाका कार्यक्रमहरु सञ्चालन गर्न नसकिएको ।

### २.३.२.चुनौति

क) स्वास्थ्य सेवाको समग्र विकास तथा  समानुपातिक तथा सहभागितामूलक स्वास्थ्य सेवामा सर्वसुलभ पहुँच विस्तार गर्दै स्वास्थ्य सेवाको गुणस्तर सुधार गर्नु एउटा मुख्य चुनौती रहेको छ ।

ख) स्वास्थ्य क्षेत्रमा समयानुकूल विधि तथा प्रविधिको प्रयोग तथा एकीकृत सूचना प्रणालीको विकास ।

ग) सरुवा रोगको व्यवस्थापन, नसर्ने रोगको बढ्दो भार, बढ्दो सहरीकरण अनुरूपको सहरी स्वास्थ्य सेवाको विस्तार, प्राकृतिक प्रकोप, प्रदूषण, जलवायु परिवर्तन एवम् सडक दुर्घटनाबाट हुने क्षतिहरू स्वास्थ्य क्षेत्रमा थप चुनौतिका रूपमा देखा परेका छन् ।

घ) महामारी र विशेष अवस्थामा चाहिने बफस्टक तथा डाइग्नेष्टिक किटको व्यवस्था र सही प्रयोग ।

ङ) खोप सेवाका लागि कोल्ड चेन व्यवस्थापन ।

च) सामाजिक तथा सांस्कृतिक व्यवधानहरु ।

छ) निःशुल्क प्रदान गरिने औषधिहरुको व्यवस्थापन ।

ज) अपर्याप्त भौतिक पूर्वाधार तथा स्वीकृत दरबन्दी अनुसारको जनशक्ति व्यवस्थापन ।

झ) स्वास्थ्य सेवामा सर्वव्यापी पहुँच (Universal Health Coverage) सुनिश्चित गर्नका लागि आधारभूत स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गराउने र आधारभूत स्वास्थ्य सेवा भन्दा बाहेकका स्वास्थ्य सेवाहरू, स्वास्थ्य बीमा लगायतका सामाजिक सुरक्षाका संयन्त्रहरू मार्फत प्रदान गर्ने व्यवस्था मिलाउने परिकल्पना गरेको छ, जुन चुनौतीपूर्ण रहेको छ ।

ञ) सीमान्तकृत समुदायमा सुरक्षित मातृत्व र परिवार नियोजन सेवा लगायत आधारभूत स्वास्थ्य सेवा पुऱ्याउनु र दक्ष जनशक्ति उपलब्ध गराउनु ।

ट) पालिकाले प्रदान गर्ने सेवा तथा वस्तुका बारेमा पर्याप्त सचेतना बृद्धि ।

ठ) आपतकालीन अवस्थामा तत्कालै स्वास्थ्य सेवा पुऱ्याउन तोकिए बमोजिम द्रुत प्रतिकार्य टोली तथा चिकित्सकीय समूह तयार गरी परिचालन गर्न पर्याप्त बजेटको अभाव ।

### २.३.३.अवसर

क) रामग्राम नगरपालिकमा भौतिक, मानवीय, सामाजिक, आर्थिक र प्राकृतिक स्रोतहरु रहेका छन् । यस्ता स्रोतहरु यस नगरपालिकाको क्षमताहरु हुन्, जसको उचित परिचालन र प्रयोगले समग्र नगरपालिकाको विपद जोखिम न्यूनीकरण तथा स्वास्थ्य आपतकाल व्यवस्थापनका लागि महत्वपूर्ण भूमिका खेल्न सक्ने देखिन्छ ।

ख) बजारमा दक्ष स्वास्थ्यकर्मी तथा प्रविधि र उपकरण उपलब्ध हुनु ।

ग) निजी तथा गैरसरकारी संघ-संस्था तथा समन्वय तथा सहकार्यमा योजना कार्यान्वयन गर्न सकिने ।

घ) एकीकृत सूचना प्रणालीको स्थापना गरी सूचनाको सही प्रयोग गर्न सकिने ।

ङ) परिवर्तित संघीय संरचनाले स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा वार्षिक नीति तथा कार्यक्रमहरु तयार गर्न सक्ने तथा क्षेत्रगत तथा रणनीतिगत योजना तयार गरी कार्यान्वयन गर्न सक्ने ।

च) सहभागितामूलक अनुगमन तथा मुल्याङ्कन गरी आपतकालीन स्वास्थ्यलाई व्यवस्थित गर्न सकिन्छ ।

छ) नगरपालिकामा स्वास्थ्य आपतकाल एवम् विपद जोखिम न्यूनीकरण तथा पूर्वतयारीका गतिविधिहरुलाई व्यवस्थित र समन्वयात्मक रुपमा कार्यान्वयन गर्न सकिने ।

ज) स्वास्थ्य आपतकाल एवम् विपद प्रतिकार्य तथा पूर्वतयारीका लागि स्थानीय स्रोत साधनको अधिकतम परिचालन गर्न सकिने ।

## २.४ नगरपालिकाको क्षमता विश्लेषण

रामग्राम नगरपालिकमा भौतिक, मानवीय, सामाजिक, आर्थिक र प्राकृतिक स्रोतहरु रहेका छन । यस्ता स्रोतहरु यस नगरपालिकाको क्षमताहरु हुन जसको उचित परिचालन र प्रयोगले समग्र नगरपालिकाको आपतकालीन स्वास्थ्यको जोखिम न्यूनीकरणमा महत्वपूर्ण भूमिका खेल्न सक्ने देखिन्छ। स्वास्थ्य संस्था र मातहतका निकायहरुमा उपलब्ध क्षमता, दक्ष जनशक्ति, तालिम प्राप्त द्रुत प्रतिकार्य टोली, आपतकालीन समयका लागि स्पष्ट नीतिगत व्यवस्था, आपतकालीन समयको पूर्ववत् अभ्यास, स्वास्थ्य आपतकाल तथा विपद् जोखिम न्यूनीकरणका क्षेत्रमा कार्यरत संघ-संस्थाहरु रहेका छन् भने विभिन्न शिक्षक, कर्मचारीहरु, सिकर्मी, डकर्मी आदि र टोल सुधार संस्था, महिला/आमा समूह, युवा क्लब जस्ता सामाजिक संघ संस्थाहरु मानवीय श्रोतका रुपमा रहेका छन् । समुदायहरुमा रहेका समुदाय स्तरीय समितिहरु पनि जोखिम कम गर्ने एउटा महत्वपूर्ण माध्यम हुन सक्छन् । समुदायले स्थानीयस्तरमा समेत विपद्को प्रभावलाई कम गर्नका लागि विभिन्न समयमा पूर्वतयारीका क्रियाकलापहरु गर्दै आइरहेका छन् । यसरी समुदायमा विपद जोखिम न्यूनीकरणका लागि ब्याप्त रितिरिवाज चालचलन पनि समुदायको राम्रो स्रोतको रुपमा लिन सकिन्छ जसलाई समुदायले व्यवस्थित गरेमा नगरको समग्रको विपद जोखिम कम हुने निश्चित प्रायः छ । नगरपालिकाका वडाहरुमा गठन गरिएका विपद व्यवस्थापन समितिहरु र ती वडामा विभिन्न क्षेत्रमा तालिम प्राप्त जनशक्ति जोखिम कम गर्नमा सक्रिय भूमिका खेलिरहेका छन् ।

विपद एवं स्वास्थ्य सङ्कटको प्रभावकारी प्रतिकार्य, पर्याप्त पूर्वतयारी र विपद पछिको परिस्थितिलाई यथाशीघ्र समान्य अवस्थामा फर्काउन तथा विपद जोखिम न्यूनीकरणका गतिविधिहरू सञ्चालन गर्न आवश्यक पर्ने संस्था, संरचना, नीति, कानून, योजना, पूर्वाधार, भौतिक स्रोत साधन, प्राकृतिक स्रोत, सामाजिक स्रोत, आर्थिक स्रोत र मानवीय स्रोतको विद्यमान अवस्थाको लेखाजोखा र नगरको विपद प्रतिकार्य क्षमता सुदृढ गर्नको लागि नगरपालिकाको क्षमता अभिबृद्धिको आवश्यकता विश्लेषण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

## २.४.१ स्वास्थ्य सम्बन्धी क्षमताहरु

**तालिका नं ४ : स्वास्थ्य सम्बन्धी क्षमता**

| | |
|---|---|
| स्वास्थ्य स्वयंसेविका | ८३ |
| चिकित्सक (डाक्टर) | ० |
| नर्सिङ कर्मचारी -सिनियर नर्स/सिनियर अनमी अधिकृत/सिनियर अनमी/अनमी | २६ |
| सिनियर अहेव अधिकृत/हेल्थ असिस्टेन्ट/सिनियर अहेव/अहेव | ३० |
| ल्याब टेक्निसियन/ल्याब असिस्टेन्ट | २ |
| जनस्वास्थ्य अधिकृत/जनस्वास्थ्य निरीक्षक | ३ |
| माइक्रोस्कोपी केन्द्र | २ |
| एचआइभी परीक्षण केन्द्र | १ |
| एआरटी केन्द्र | १ |
| क्षयरोग उपचार केन्द्र | ८ |
| आँखा अस्पताल/उपचार केन्द्र | १ |
| अस्पताल शैया (सरकारी) | ५० |
| अस्पताल शैया (निजी) | २५ |
| CEONC साइटहरु | १ |
| BEONC साइटहरु | १ |
| आइयुसीडी तथा इम्पलान्ट सेवा प्रदायक | ३ |
| एकीकृत बालरोग व्यवस्थापन (CBIMNCI) प्रशिक्षित कर्मचारी | १८ |
| द्रुत प्रतिकार्य टोली (RRT) | १६ |
| प्राथमिक उपचार गर्न सक्ने जनशक्ति as per the nrcs updates | ३९ |
| एम्बुलेन्स | |
| दमकल | १ |
| स्वास्थ्य संस्था व्यवस्थापन समिति | १७ |

| | |
|---|---|
| वन, वातावरण तथा विपद व्यवस्थापन समिति | १ |
| प्रकोप/विपद व्यवस्थापन कोष<br>(विपद् व्यवस्थापन कोष नगर स्तरीय विपद् व्यवस्थापन समितिको निर्णय अनुसार विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापनका क्षेत्रमा खर्च हुने गरेको)। | ७५ लाख |

श्रोत : स्वास्थ्य शाखा, रामग्राम नगरपालिका, २०७९

## ३.आपतकालीन स्वास्थ्य पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माणको उद्देश्य

रामग्राम नगरपालिकामा निर्माण गरिएको यस पालिकास्तरीय आपतकालीन स्वास्थ्य पूर्वतयारी र प्रतिकार्य योजना निर्माण गर्नुको मुख्य उद्देश्य रामग्राम नगरपालिकाको पालिकास्तरीय आपतकालीन स्वास्थ्य पूर्वतयारी र प्रतिकार्य योजना निर्माण गर्नु नै हो यसका अलावा यसका अन्य केही विशिष्ट उद्देश्यहरु रहेका छन्, जुन निम्नअनुसार रहेका छन्।

१. आपतकालीन स्वास्थ्य क्षेत्रका विद्यमान नीति तथा दिशानिर्देशहरु र नगरपालिकामा आपतकालीन समयका लागि तयारी गरिएका/भएका विद्यमान क्षमता, सङ्कटासन्नता तथा जोखिमको विश्लेषण गरी स्वास्थ्य आपतकाल/सङ्कटबाट हुन सक्ने क्षतिलाई कम गर्न मद्दत गर्ने।
२. नगरपालिकाको आपतकालीन स्वास्थ्य पूर्वतयारी र प्रतिकार्य योजना तयार गरी पूर्वतयारी तथा प्रतिकार्यका क्रियाकलापहरुलाई एकीकृत र समन्वयात्मक तवरमा सञ्चालन गर्ने।
३. रामग्राम नगरपालिकाको आपतकालीन स्वास्थ्य सम्बन्धी विद्यमान क्षमता तथा प्रणालीको सुदृढीकरण गरी आपतकालीन स्वास्थ्य पूर्वतयारी तथा प्रतिकार्यको क्षेत्रलाई थप प्रभावकारी बनाउने।
४. नगरपालिकाको आकस्मिक स्वास्थ्य सेवालाई समतामूलक, पारदर्शी, जनउत्तरदायी र गुणस्तरीय बनाउन मद्दत गर्नु।

## ४. योजना तर्जुमाका नीतिगत तथा कानूनी आधारहरु

पृष्ठभूमिमा उल्लेख गरिए जस्तै नगरपालिकाको आपतकालीन स्वास्थ्य पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गर्दा नेपाल सरकारका विभिन्न नीतिगत तथा कानूनी प्रावधानहरुको अधिकार प्रयोग गरी बनाइएको छ। जुन निम्नअनुसार रहेका छन् :

- नेपालको संविधान, २०७२ ले प्रत्येक नागरिकलाई आधारभूत स्वास्थ्य सेवा निःशुल्क पाउने र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट बन्चित नगरिने कुराको स्पष्ट व्यवस्था गरेको छ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा स्थानीयस्तरको विकासको लागि आवधिक, वार्षिक, रणनीतिक र विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन योजना बनाई लागु गनुपर्ने व्यवस्था गरेको छ।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (२) न तथा ११ (४) ख (१५) ले स्थानीय स्तरको विपद व्यवस्थापन तथा जनस्वास्थ्य, आपतकालीन स्वास्थ्य तथा महामारीको नियन्त्रण सम्बन्धी योजना निर्माण तथा कार्यान्वयन गर्ने अधिकारको व्यवस्था
- जनस्वास्थ्य सेवा ऐन २०७५ को दफा ४८ (२) मा आपतकालीन स्वास्थ्य योजना विकास गरी लागु गर्नुपर्ने कुरा गरेको छ।

- विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७ (२) तथा विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली २०७६ को दफा ८ (१) ले स्थानीयस्तरको विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापनको अधिकार सम्बन्धित स्थानीय तहलाई प्रदान गरको छ ।
- स्वास्थ्य नीति, लुम्बिनी प्रदेश, २०७७

## ५. योजना तर्जुमा एवम् कार्यान्वयनका आधारभूत मान्यता

नगरपालिकाले योजना तयार गर्दा यसका केही मुलभूत निर्देशक सिद्धान्त तथा मान्यताहरुलाई आधार बनाइएको थियो । यसै सिद्धान्तका आधारमा रामग्राम नगरपालिकाको आपतकालीन स्वास्थ्य पूर्वतयारी तथा प्रतिकार्य योजना, २०७९ को कार्यान्वयन गरिनेछ ।

१. आपतकालीन स्वास्थ्य पूर्वतयारी र प्रतिकार्यमा जोखिममा आधारित र बहु-जोखिम दृष्टिकोण ।
२. गुणस्तरीय स्वास्थ्य सेवाको सर्वव्यापी पहुँच ।
३. बहुपक्षीय र अर्थपूर्ण सहभागिता, समन्वय र सहकार्य ।
४. समतामूलक स्वास्थ्य सेवा ।
५. आपतकालीन स्वास्थ्य पूर्व तयारी र प्रतिकार्यका क्षेत्रमा नेपाल सरकारको प्रणाली मुख्य प्राथमिकता ।
६. आपतकालीन स्वास्थ्य पूर्वतयारी र प्रतिकार्यसँग सम्बन्धित क्रियाकलापहरु एकीकृत र समन्वयात्मक तवरमा सञ्चालन हुने र समग्र गतिविधिको अगुवाइ नगरपालिकाले गर्ने ।
७. स्वास्थ्य आपतकाल एवम् पूर्वतयारी तथा प्रतिकार्यका क्षेत्रमा यस नगरपालिकामा कार्यरत संघ-संस्थाहरुले सम्बन्धित विषयगत क्षेत्रसँग समन्वय-सहकार्य गरेर नगरपालिकाको स्वीकृत मापदण्ड अनुसार कार्यक्रम सञ्चालन गर्ने ।
८. समुदाय, सामाजिक संघसंस्था तथा सरकारी निकायहरुको स्वास्थ्य सङ्कट एवम् विपद प्रतिकार्य तथा पूर्वतयारीका लागि आवश्यक क्षमता विकास गरी नगरपालिकाको समग्र विपद व्यवस्थापन क्षमता सुदृढ गरिनेछ ।
९. सुशासन, जवाफदेहिता र पेशागत आचरणप्रति प्रतिबद्धता ।
१०. स्वास्थ्य सेवामा सिर्जनशीलता तथा आधुनिक सूचना प्रविधिको प्रयोग ।
११. स्वास्थ्य आपतकाल एवम् विपद प्रतिकार्य तथा पूर्वतयारी कार्य तथा मानवीय सहायताका गतिविधिहरु मानवता, तटस्थता, निष्पक्षता र स्वतन्त्रता जस्ता मानवीयताका मुलभूत सिद्धान्तमा आधारित हुनेछन् ।
१२. स्वास्थ्य आपतकाल एवम् विपद प्रतिकार्य तथा पूर्वतयारी कार्यमा उपलब्ध स्थानीय श्रोतसाधन र जनशक्तिको अधिकतम प्रयोग र परिचालनको नीति लिइनेछ ।
१३. स्वास्थ्य संकट एवम् विपद प्रतिकार्य तथा पूर्वतयारी कार्यलाई प्राथमिकताका आधारमा क्षेत्रगत विकासका नियमित गतिविधिहरुसँग एकीकृत गरी विकासमा मुल प्रवाहीकरण गर्दै नगरपालिकाको समग्र उत्थानशीलतामा विकास गरिनेछ ।

## ६. आपतकालीन स्वास्थ्य पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गर्दा अपनाइएका विधिहरु

विपद पूर्वतयारी तथा पतिकार्य योजना तर्जमा मार्गदर्शन, २०७६ ले नगरपालिकाको स्थानीय विपद व्यस्थापन समितिको नेतृतव र विपद जोखिम न्यूनीकरण तथा जोखिम न्यूनीकरण तथा व्यस्थापनको क्षेत्रमा संलग्न निकाय तथा विषयक्षेत्रको सहभागितामा विपद पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्नुपर्ने व्यवस्था गरेको छ । सोही व्यवस्था अनसुार यस रामग्राम नगरपालिकाले सहभागितामूलक र समाावेशी विधि/प्रक्रिया अपनाई आपत्कालीन स्वास्थ्य पूर्वतयारी तथा तथा प्रतिकार्य योजना तर्जुमा गरिएको हो । योजना तर्जुमा गर्दा अबलम्बन गरिएका केही मुख्य विधि/प्रक्रियाहरु देहाय बमोजिम रहेका छन् ।

## ६.१. समन्वय तथा प्रारम्भिक तयारी

यस चरणमा नगरपालिकाको आपतकालीन स्वास्थ्यसँग सम्बन्धित आवश्यक तथ्याङ्क तथा दस्तावेजहरु सङ्कलन गर्ने, परामर्शदाता कम्पनीको तर्फबाट तयार गरिएको प्रारम्भिक प्रतिवेदनको मस्यौदाउपर छलफल गर्ने, सूचना सङ्कलनको विधि प्रक्रिया र समग्र प्रतिवेदनको ढाँचाका सम्बन्धमा नेपाल रेडक्रस सोसाइटी तथा पालिकाका प्रतिनिधिहरु बीच छलफल तथा साझा बुझाई गर्ने तथा समग्र कामका लागि आवश्यक समन्वयको संयन्त्र ( Coordination Mechanism) तयार गर्ने । सङ्कलित विवरण तथा दस्तावेजहरुको विश्लेषण लगायतका कार्यहरु गरिएको थियो ।

## ६.२ अभिमुखीकरण, छलफल तथा तथ्याङ्क सङ्कलन

यस चरणमा सरोकारवाला निकायका व्यक्तिहरु, सूचना सङ्कलन गर्ने गणक तथा अन्य कर्मचारीहरु आदिलाई अभिमुखिकरण गरी योजनाका लागि आवश्यक सूचना तथा तथ्याङ्कहरु सङ्कलन गरिएको थियो । सूचना सङ्कलन गर्ने क्रममा समुदायका जानिफकार र अनुभवी (Knowledgeable and Experienced) व्यक्तिहरु, महिला, बालबालिका, अल्पसङ्ख्यक तथा सिमान्तकृत वर्ग/समुदाय, स्वास्थ्य संस्थाका प्रतिनिधि, नेपाल रेडक्रस सोसाइटीका प्रतिनिधिहरु लगायत अन्य सरोकारबालाहरुसँग लक्षित गरी समूह छलफल तथा मुख्य सूचनादातासँगको अन्तर्वार्ता जस्ता विधिहरुको माध्यमबाट सूचनाहरु सङ्कलन र प्रमाणीकरण गरिएको थियो भने स्थलगत अवलोकन र Vulnerability and Capacity Analysis-VCA बाट प्राप्त सूचनालाई योजना निर्माणका क्रममा महत्वपूर्ण स्रोतका रुपमा प्रयोग गरिएको थियो । यस चरणमा तपसिलका तस्तावेजहरुको अध्ययन तथा समीक्षा गरिएको थियो ।

- विपद व्यवस्थापन सम्बन्धी ऐन, नियम, नीति, निर्देशिकाहरू
- विपद जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना, २०७५
- विगतको विपद पूर्वतयारी र प्रतिकार्य योजना तथा विषय क्षेत्रगत आकस्मिक योजनाहरू
- विपद सम्बन्धित प्रतिवेदनहरू
- सम्बन्धित तहको विपदको इतिहास (भूकम्प, बाढी, पहिरो, आगलागी, महामारी, सडक दुर्घटना आदि)
- विपद व्यवस्थापनको विगतको अभ्यास अनुभव तथा सिकाइ
- सम्बन्धित तहको प्रकोप, सङ्कटासन्नता तथा जोखिम लेखाजोखा
- नगरपालिकाको प्रोफाइल
- सम्बन्धित तहको मौसम तथा बाढी पूर्वानुमान र पूर्वसूचना प्रणाली, महामारी निगरानी प्रणाली,
- सडक सुरक्षा कार्ययोजना
- जनसंख्या विवरण, सडक संजाल, नदी, बसोबास क्षेत्र तथा नगरपालिकाको सीमाना आदि देखिने सम्बन्धित तहको नक्शा
- पालिकाका आवधिक विकास योजनाहरू, विषयक्षेत्रगत योजनाहरू, प्रतिवेदनहरू ।

## ६.३ सूचनाहरुको विश्लेषण र दस्तावेजीकरण

यस चरणमा माथि उल्लेखित विधि तथा प्रक्रियाहरुबाट प्राप्त सूचना तथा तथ्याङ्कहरुलाई विश्लेषण गरी दस्तावेजीकरणको कार्य गरिएको थियो । सङ्कलित विवरणको आधारमा आवश्यक आधुनिक प्रविधि समेतको प्रयोग गरी तथ्याङ्क प्रशोधन गरिएको थियो । योजना तयार गर्दा प्राथमिक र द्वितीयक तथ्याङ्कलाई समेत आधार बनाई विश्लेषण गरिएको थियो भने विषय विज्ञहरुले क्षेत्रगतरुपमा समीक्षा गरेका थिए ।

### ६.४ प्रारम्भिक दस्तावेज उपर छलफल र बैठक
यस चरणमा योजनाको प्रारम्भिक प्रतिवेदनको मस्यौदा तयार गरी उक्त मस्यौदा उपर सिलसिलेवार छलफल गरी सुझाव-सल्लाह लिइएको थियो । छलफल पश्चात प्राप्त पृष्ठपोषणसहित योजनालाई अन्तिम रुप दिइएको थियो । छलफलमा महिला, बालबालिका, जोखिम उन्मुख, अल्पसङ्ख्यक तथा सिमान्तकृत वर्ग/समुदायको अर्थपूण सहभागिता सुनिश्चित गरिएको थियो । सूचना सङ्कलन तथा दस्तावेजीकरण गर्ने सन्दर्भमा सामाजिक समावेशीकरण, अधिकारमुखी विकास लगायत अर्न्तसम्बन्धित सवाल (Cross Cutting Issues) हरुलाई पनि ख्याल गरिएको थयो ।

### ६.५ योजनाको अन्तिम प्रतिवेदन तयार
प्रारम्भिक दस्तावेज उपर छलफल तथा पृष्ठपोषणका आधारमा योजनाको अन्तिम प्रतिवेदन तयार गरिएको थियो ।

### ६.६ कार्यान्वयन, अनुगमन तथा मुल्याङ्कन
यस येजनाको कार्यान्वयन तथा नियमित अनुगमन र मुल्याङ्कन गर्ने कार्य नगरस्तरीय अनुगमन तथा सुपरीवेक्षण समितिले गर्नेछ । उक्त समितिले माथि उल्लेखित सूचकहरुका आधारमा नियमित रुपमा योजना कार्यान्वयनको अवस्थाको अनुगमन गरी पालिका तथा स्थानीय विपद व्यवस्थापन समिति समक्ष प्रतिवेदन पेश गर्नेछ ।

## ७. आपतकालीन स्वास्थ्य पूर्वतयारी तथा प्रतिकार्य योजनाको अपेक्षित नतिजा
आपतकालीन स्वास्थ्य पूर्वतयारी  तथा प्रतिकार्य योजनाको समग्र उद्देश्य आपतकालीन स्वास्थ्य पूर्वतयारी सम्बन्धी क्रियाकलापहरुलाई संगठित, व्यवस्थित बनाई प्रभावकारी प्रतिकार्य मार्फत् सम्भावित क्षति, नोक्सानी न्यूनीकरण गर्नु हो । साथै आपतकालीन समयमा प्रभावितको यथासक्य छिटो खोज तथा उद्धार गरी स्थानीय स्रोत साधनको अधिकतम उपयोगद्वारा प्रभावित समुदायलाई व्यवस्थित, प्रभावकारी र जवाफदेहीयुक्त मानवीय सहयोग उपलब्ध गराउनु यस योजनाको मूल उद्देश्य रहेको छ । यस योजनाबाट देहाय बमोजिमका नतिजा प्राप्त हुने अपेक्षा गरिएको छ ।

- विपद पूर्व, विपदको समय र विपद पश्चात गर्नुपर्ने आधारभूत जोखिम व्यवस्थापनण्का कार्यहरु व्यवस्थित तथा प्रभावकारी हुनेछन् ।
- विपद जोखिम न्यूनीकरण गर्न सरोकारवाला र समुदायबीच समन्वय र सहकार्यको भावना अभिवृद्धि भई एकीकृत र समन्वयात्मक तवरमा विपद व्यवस्थापनका क्रियाकलापहरु सञ्चालन हुनेछन् ।
- क्षेत्रगत रूपमा कामको बाँडफाँड हुने हुँदा मानवीय सहयोग, पारदर्शी, प्रभावकारी र व्यवस्थित हुनुका साथै जवाफदेहीता र उत्तरदायित्वको भावना विकास हुनेछ ।
- राहत तथा उद्धार कार्यमा एकद्वार प्रणालीको सुनिश्चित हुनेछ ।
- स्वास्थ्य आपतकालका समयमा स्थानीय निकाय तथा स्थानीय विपद व्यवस्थापन समितिको समन्वय र सहकार्यमा प्रभावकारी प्रतिकार्यका गतिविधिलाई अघि बढाइने छ ।

## ८. योजनाा कार्यान्वयन रणनीति
रामग्राम नगरपालिकाको **आपतकालीन स्वास्थ्य पूर्वतयारी तथा प्रतिकार्य** योजनालाई नगर कार्यपालिकाको बैठकमा छलफल गरी स्वीकृत गरिने छ भने योजनाको कार्यान्वयनको नेतृत्व पनि यसै नगरपालिकाले गर्नेछ । योजनाको प्रभावकारी कार्यान्वयनका लागि प्रदेश सरकार, संघीय सरकार, विकास साझेदार निकायहरु, रेडक्रस, विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरु, वडा विपद व्यवस्थापन समिति, समुदाय, निजी क्षेत्र, सरकारी कार्यालयहरु र सुरक्षा निकायको समन्वय र

सहयोगमा कार्यान्वयन गरिनेछ। यस योजनामा समावेश भएका क्रियाकलापहरु नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रममा समावेश गरी योजनालाई मूलप्रवाहीकरण गरिनेछ। यस योजनाले नगरमा विपद जोखिम न्यूनीकरण तथा आपतकालीन स्वास्थ्य व्यवस्थापनका क्रियाकलापहरुलाई थप प्रभावकारी बनाउन तथा हाल भइरहेका क्रियाकलापहरुलाई संस्थागत तथा दिगो गर्न मद्दत गर्ने अपेक्षा गरिएको छ । स्वास्थ्य आपतकाल एवम् विपद पूर्वतयारी तथा प्रतिकार्य र मानवीय सहायताका लागि गरिने सहयोग नगरपालिकाको एकद्वार नीति र मापदण्ड अनुसार गरिनेछ र समग्र कामको समन्वय तथा अगुवाई, सूचना व्यवस्थापन तथा श्रोत परिचालन नगरपालिकाको नेतृत्वमा एकीकृत र समन्वयात्मक तवरमा हुनेछ । यसका अलावा यसका अन्य केहि रणनीतिहरु रहेका छन, जुन यस प्रकार रहेका छन :

## ८.१ समन्वय, सहकार्य र साझेदारी [Coordination, Collaboration and Partnership]

क) **पालिकाको आपतकालीन स्वास्थ्य पूर्वतयारी तथा प्रतिकार्य योजना**को प्रभावकारी कार्यान्वयन गर्न विभिन्न सरकारी, दातृ निकाय, गैरसरकारी निकाय, सामुदायिक संघ-संस्था, निजी क्षेत्र आदिसँग समन्वय, सहकार्य तथा साझेदारी गरिनेछ ।

ख) विभिन्न संघ-संस्था र निकायहरुमा **आपतकालीन स्वास्थ्य पूर्वतयारी तथा प्रतिकाय क्षेत्रसँग सम्बन्धित** विभिन्न क्षमताहरुको पहिचान गरी आपतकालिन स्वास्थ्य पूर्वतयारी र प्रतिकार्यका क्रियाकलाप तय गरिनेछ ।

ग) आपतकालीन स्वास्थ्यसँग सम्बान्धित आधारभूत र खण्डिकृत तथ्याङ्क सङ्कलन तथा व्यवस्थापन गर्न सरोकारवालाहरुसँग समन्वय तथा सहकार्य गरिनेछ ।

घ) पालिका, वडा तथा समुदाय स्तरमा रहेका समूह/समिति तथा कार्यदलहरुको क्षमता विकासका लागि विपद जोखिम न्यूनीकरण तथा आपतकालीन स्वास्थ्यका क्षेत्रमा कार्यरत संघ-सस्थाहरुसँग समन्वय तथा सहकार्य गरिनेछ ।

## ८.२ अनुगमन तथा मूल्याङ्कन [Monitoring and Evaluation]

क) **आपतकालीन स्वास्थ्य पूर्वतयारी तथा प्रतिकार्य**का क्रममा गरिने क्रियाकलापहरुको प्रत्येक चरणमा अनुगमन तथा मूल्याङ्कन गरिने र यसलाई संस्थागत गर्दै लगिनेछ ।

ख) सहभागितात्मक अनुगमन र मुल्याङ्कनको व्यवस्था गरिनेछ ।

ग) जोखिममा रहेका विभिन्न क्षेत्र, वर्ग र समुदायको आधारभूत र खण्डिकृत तथ्याङ्क अद्यावधिक गरी उक्त तथ्याङ्कलाई योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन मूल्याङ्कन प्रणालीमा प्रयोग गरिनेछ ।

घ) अनुगमन र मूल्याङ्कनलाई आवश्यक सूचकसहित अनिवार्य प्रणालीको रुपमा स्थापित गरिनेछ ।

ङ) अनुगमन तथा मूल्याङ्कनका क्रममा लक्षित वर्गबाट प्राप्त सुझाव-सल्लाहलाई कार्यान्वयन गरिनेछ ।

## ८.३ स्वास्थ्य सेवामा समतामूलक पहुँच [Equitable Access with Heath Services]

क) नगरपालिकाको नीति निर्माण तथा निर्णय प्रक्रिया तथा समग्र विकास प्रक्रियामा लक्षित वर्गको सशक्तीकरण र अर्थपूर्ण सहभागिता सुनिश्चित गरिनेछ ।

ख) पालिका तथा मातहतका स्वास्थ्य कार्यालयहरुबाट प्रवाह गरिने सेवामा समतामूलक पहुँच स्थापित गरिनेछ ।

ग) जोखिममा रहेका समुदाय/वर्गलाई विशेष अवसर र अनुकुल वातावरणसहित सहभागिताको अवसर प्रदान गरिनेछ ।

घ) आपतकालीन समयमा उपलब्ध गराइने सेवा-सुविधाहरुमा सबैको समतामूलक पहुँच सुनिश्चित गरिनेछ ।

## ८.४ जोखिम विश्लेषण तथा क्षमता विकास [Assessing Vulnerrability and Capacity Development]

क) महिला, बालबालिका, गरीब तथा वञ्चित समूहका मानिसहरूको आवश्यकता र चाहनाप्रति अझ बढी संवेदनशील, उत्तरदायी र जवाफदेही हुन कार्यपालिका, विषयगत शाखा/महाशाखा, स्वास्थ्य संस्थाहरु, वडा कार्यालय, विकास साझेदार र सामुदायिक संघ-संस्थाहरुको क्षमता अभिवृद्धि गरिनेछ ।

ख) स्थानीय नागरिक विशेष गरी लक्षित समूहको योजनाबद्ध रुपमा व्यक्तिगत र सामुहिक क्षमता अभिबृद्धि गरी स्थानीय तहको विकास प्रक्रियामा निर्णायक तथा अर्थपूर्ण सहभागिता सुनिश्चित गरी आर्थिक तथा सामाजिक विकास गर्ने ।

ग) संवेदनशील क्षेत्रका स्थानीय बासिन्दाहरुको क्षमता विकास तथा सशक्तीकरण गरिनेछ ।

घ) द्रुत प्रतिकार्य टोलीको क्षमता विकास गरिनेछ ।

ङ) पालिका मातहतका स्वास्थ्य संस्था/इकाइहरुको क्षमता विकास गरिनेछ ।

च) द्रुत प्रतिकार्य, प्राथमिक उपचार आदि सम्बन्धी तालिम प्रदान गरिनेछ ।

## ८.५ गुणस्तरीय स्वास्थ्य सेवामा जोड [ Focused on Quality Services]

क) स्वास्थ्य सेवालाई गुणस्तरीय र प्रभावकारी बनाउन पालिकामा विद्यमान स्वास्थ्य सेवा प्रणालीको समीक्षा, सशक्तीकरण र सुधार गरिनेछ ।

ख) स्वास्थ्य सेवा सुधारका लागि आवश्यक रणनीति तयार गरी कार्यान्वयन गरिनेछ ।

ग) स्वास्थ्य सेवालाई प्रभावकारी, सुरक्षित, सेवाग्राही केन्द्रित, समयानुकूल, समतामूलक, सांस्कृतिक रुपले उपयुक्त र भरपर्दो बनाइनेछ ।

